आ.व. २०८३/०८४

बैठक मितिः २०८३/७/१८ बैठक संख्या.: ४

कार्तिक महिनाको पहिलो कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु

१. नदीजन्य पदार्थको संक्षिप्त वातावरणीय अध्ययन (Brief Enviormental Study) (BES) प्रतिवेदन स्विकृति सम्बन्धमा।

२. भू-उपयोग क्षेत्र नक्सा (Land Use Zoning Map) स्विकृति सम्बन्धमा ।

३. विविध

(क) शिवपुरी आधारभूत अस्पतालको जनशक्ति व्यवस्थापन सम्बन्धमा।

(ख) दर्ता सूचीकरण सम्बन्धमा।

(ग) परामर्श सेवा खरिद सम्बन्धमा।

स्थानीय सरकार
शिवपुरी गाउँपालिका
सेराबगर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

सुदिप लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८३/०८४

बैठक मितिः २०८३/७/१८ बैठक संख्या.: ४

कार्तिक महिनाको पहिलो कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १ नदीजन्य पदार्थको संक्षिप्त वातावरणीय अध्ययन)Brief Enviormental Study) (BES) प्रतिवेदन स्विकृति **सम्बन्धमाः-** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ (ग) तथा नियमावली २०७७, को नियम ३ को अनुसूची (छ) साथै संक्षिप्त वातावरणीय अध्यन तथा नदिजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि,२०७७ को प्रयोजनार्थ सार्बजनिक खरिद नियमावली २०६४(संशोधन सहित), को नियम ८५ बमोजिम छनौट भएको परामर्शदाता डेभलपमेन्ट मेट्रिक्स प्रा.लि., काठमाडौले यस गाउँपालिकामा पेश गरेको शिवपुरी गाउँपालिका भएर बग्ने लिखु खोलाको बगर र आसपासको क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको दिगो संकलन, उत्खनन तथा निकासी कार्य सञ्चालनका लागि गरिएको संक्षिप्त वातावरणीय अध्ययनको अन्तिम प्रतिवेदन स्वीकृती गरि सोही बमोजिम आय ठेक्काको कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. २ **भू-उपयोग क्षेत्र नक्सा (Land Use Zoning Map) स्विकृति सम्बन्धमाः-** शिवपुरी गाउँपालिकाको भूमिलाई वैज्ञानिक र व्यवस्थित गर्न नापी विभागको सहयोगमा भू-उपयोग क्षेत्र नक्सा अध्यावधिक तथा मापदण्ड बमोजिम तयार भएको संलग्न अनुसूची बमोजिमको भू-उपयोग क्षेत्र नक्सा (Land Use Zoning Map) स्वीकृति गर्ने ।

निर्णय नं.३ विविध

(क) **शिवपुरी आधारभूत अस्पतालको जनशक्ति व्यवस्थापन सम्बन्धमाः-** शिवपुरी आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृत र ल्याब टेक्निसियनको कार्य सम्पादन सम्बन्धमा पटक- पटक नागरिकबाट गुनासो प्राप्त भएकोले गाउँ कार्यपालिकाको ३१ भाद्र २०८३ को निर्णय नं. ३ बमोजिम सेवा करार सम्झौता नविकरण भएको मेडिकल अधिकृत र साविक सल्ले मैदान र महाकाली स्वास्थ्य चौकीका ल्याब टेक्निसियन पदमा कार्यरत कर्मचारीहरूको पौष मसान्त पश्चात सेवा करार म्याद थप नगर्ने र सो पदहरुमा विज्ञापन प्रकाशन गरि पदपूर्ति गर्न कार्यालयलाई निर्देशन दिने ।

स्थानीय सरकार शिवपुरी गाउँपालिका शेरावगर, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

दीप साप्रा
प्रमुख प्रशासकीय अधिकृत

(ख) **दर्ता सूचीकरण सम्बन्धमाः-** यस गाउँपालिकामा रहेको १० शैयाको शिवपुरी आधारभूत अस्पताल सञ्चालनमा ल्याई सकिएको हुँदा यस अस्पताललाई सूचीकरणका लागि नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाण्डौं र प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय हेटौडामा अस्पताल सूचीकरणका लागि पठाउने।

(ग) **परामर्श सेवा खरिद सम्बन्धमाः-** यस गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा प्रदेश समपूरक अनुदान अन्तर्गत वडा नं. ५ को बच्छला–कल्लेरी सडक स्तरोन्नति तथा प्रदेश विशेष अनुदानअन्तर्गत वडा नं. ३ को रामायणछाप मा.वि. पूर्वाधार स्तरोन्नति योजनाको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको र बच्छला–कल्लेरी सडक खण्डमा कमजोर भू-बनावट तथा ठूलो पहिरो रहेको साथै रामायणछाप मा.वि. को खेलमैदान निर्माणस्थल अत्याधिक भिरालो रहेको हुँदा उक्त स्थानहरूको भौगर्भिक अवस्था, माटोको प्रकृति तथा भौगोलिक जोखिमसमेत अध्ययन गर्न आवश्यक देखिएकोले यस कार्यालयमा मौजुदा प्राविधिक जनशक्तिबाट विस्तृत अध्ययन, डिजाइन तथा लागत अनुमान तयार गर्न कठिनाइ भएको हुँदा विज्ञ परामर्शदाता छनोट गरी उक्त पूर्वाधारहरुको आवश्यकता अनुसार भौगर्भिक अवस्था, माटोको प्रकृति तथा भौगोलिक जोखिम(Geotechnical Investigation andMitigation) समेत अध्ययन गर्न पेश भएको गरि कार्यसूचि (TOR) स्विकृत गरी बमोजिम विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न गाउँपालिकाको आ.व. २०८३/८४ को स्विकृत वार्षिक बजेटको वजेट शिर्षक नं.३११३५ बाट कानून बमोजिम परामर्श सेवा खरिद गर्न निर्देशन दिने ।

स्थानीय सरकार
शिवपुरी गाउँपालिका
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

सुदिप सापकोटा
प्रमुख प्रशासकीय अधिकृत